२८६

राष्ट्रिय सूचना आयोग २०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरण कुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

**मु.नं. १५**

एभरेष्ट ईन्जिनियरिङ्ग एण्ड मेनेजमेन्ट कलेज सितापाइलाका विद्यार्थी मुकेश कुमार सिंह ........१ पुनरावेदक

**विरूद्ध**

परीक्षा नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय पोखरा विश्वविद्यालय ..................................१ विपक्षी

**विषय :- उत्तरपुस्तिकाको अवलोकन गरी पाउँ ।**

उपर्युक्त पुनरावेदकले परीक्षा नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय पोखरा विश्वविद्यालयले उत्तरपुस्तिकाको प्रतिलिपि अवलोकन नगराएकोले यस आयोगमा गरेको पुनरावेदनको सम्बन्धमा यस आयोगबाट मिति २०७०।०२।२३ मा निज पुनरावेदकलाई माग गरे बमोजिम उत्तरपुस्तिकाको अवलोकन गर्न नदिई यस आयोगको आदेश पालना नगरेकोले परीक्षा नियन्त्रण कार्यालयका प्रमुखसमेतलाई गरिएको जरिवाना उपर निजको तर्फबाट यस आयोग समेतलाई विपक्षी बनाई सम्मानित पुनरावेदन अदालत पाटनमा ०७०-DP-००१४ को पुनरावेदन दर्ता गरी हालसम्म पनि विचाराधिन रहेको फाइल संलग्न कागजातहरुबाट देखिन्छ । उक्त मुद्दामा पुनरावेदन अदालत पाटनबाट फैसला भएपछि सोही बमोजिम जगाई कारवाही किनारा हुने नै हुँदा हाल प्रस्तुत पुनरावेदनलाई मुलुकी ऐन, अदालती बन्दोवस्ती महलको १२ नं. बमोजिम मुल्तवीमा राखिएको छ, प्रस्तुत पुनरावेदनको लगत मुल्तवीमा दर्ता गरी राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरण कुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल वैशाख २५ गते रोज ६ शुभम् ।